गाउँ कार्यपालिकाको १७ ([illegible]) बैठक / २०८१/०८२

मिति : २०८१ साल मंसिर २७ गते बिहीबार
समय : बिहान : ०८:३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )
स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | जिल्ला बाहिर |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | जिल्ला बाहिर |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | जिल्ला बाहिर |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | इन्दिरा |
| ११ | पवित्र भुजेल | सदस्य | जिल्ला बाहिर |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | जिल्ला बाहिर |
| १३ | अमित देवी राई | सदस्य | अमित |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | Goma |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. शैक्षिक अवस्था सम्वन्धी सरोकारवालासंगको अन्तरक्रिया कार्यक्रमको समिक्षा सम्वन्धमा ।
३. ICT कार्यक्रमका लागि विद्यालय छनौट गर्ने सम्वन्धमा ।
४. आ. व. ०८१/०८२ को सडक बोर्डबाट सञ्चालन हुने आयोजना छनौट सम्वन्धमा ।
५. आ. व. ०८१/०८२ को जस्तापाता वितरण गर्ने सम्वन्धमा ।
६. आ. व. ०८१/०८२ को उपाध्यक्ष महिला आत्मानिर्भर कार्यक्रम अन्तरगत गाई वितरण कार्यक्रम सम्वन्धमा ।
७. आ. व. ०८१/०८२ को कृषि सामाग्री वितरण गर्ने सम्वन्धमा ।
८. NAFHA कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।
९. योगा प्रशिक्षक तयारीका लागि पौवादुङमा गाउँपालिकाबाट जीवन विज्ञान नेपालमा प्रशिक्षणमा खर्च भएको प्रशिक्षकको रकम भूक्तानी गर्ने सम्वन्धमा ।
१०. आ. व. ०८१/०८२ को विशेष अनुदान अन्तरगतको ठेक्का सम्वन्धमा ।
११. लेखा परीक्षक छनौट सम्वन्धमा ।
११. पौवादुङमा - ४ को चक्र बहादुर सार्कीको निवेदन सम्वन्धमा ।
१२. अन्य विविध प्रस्तावहरु सम्वन्धमा ।

अन्य उपस्थिती

१. ५ नं वडा सदस्य - ~~स्मीता~~ सुशीला तिवारी
२. ६ नं वडा " - बलराम राई

मिति २०८१ साल मंसिर २७ मा सम्पन्न १० (दशौ) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको दशौ बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

पौवादुङमा गाउँपालिका भित्रका सामुदायिक बिद्यालयहरुको शैक्षिक अवस्था र भावी रणनीतिको सन्दर्भमा बिद्यालयका शिक्षक/शिक्षिका/बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, कर्मचारी तथा सरोकारवालाहरुसंग मिति २०८१ मंसिर १५ गते भएको अन्तरक्रिया कार्यक्रमको समिक्षात्मक छलफल भयो ।

निर्णय नं. ३

संघीय अनुदान तर्फ बिद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित ICT कार्यक्रम संचालनका लागि श्री सूर्योदय मा. वि. ठुलोदुम्मालाई छनौट गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

सडक बोर्डबाट प्राप्त अनुदान रकमबाट यस गाउँपालिकाको १ नं. वडा जोड्ने मध्यपहाडी लोकमार्ग शुक्रबारे देखि १ नं. वडा कार्यालय जोड्ने कृषि सडक स्तरोन्नतीको निरन्तरताको लागि सडक बोर्डमा सिफारिस गरी पठाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ५

पौवादुङमा गाउँपालिकाको चालू आ. व. ०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकामा सूचिकृत भई दोश्रो प्राथमिकतामा परेका फुसका छाना भएका प्रत्येक वडाका ३५/३५ घरधुरीलाई हरियो जस्तापाता बितरणका लागि सबै वडा कार्यालयहरुलाई सिफारिस गरी पठाउन जानकारी गराउने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ६

पौवादुङमा गाउँपालिकाको चालू आ. व. ०८१/०८२ को स्वीकृत उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम अन्तरगत उन्नत जातको गाई पालन कृषकहरुलाई पचास प्रतिशत लागत साझेदारीमा गाई वितरण गर्न पूर्व कार्यक्रम सम्वन्धी जानकारी एवं कृषकहरुसंगको अन्तरक्रियात्मक छलफलका लागि वडा नं. १, २ र ३ मा जनप्रतिनिधि तथा कर्मचारीहरुबाट घरदैलो कार्यक्रम संचालन गरी जानकारी गराउने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ७

कार्यालयबाट प्रकाशित सूचना अनुसार गाउँपालिकाको ६ वटै वडाका कृषकहरुबाट प्राप्त निवेदन मागको आधारमा सोको अध्ययन गरी उक्त कृषि सामाग्रीहरु खरिदका लागि नियमानुसार प्रक्रिया अगाडी बढाउने सब सम्मत निर्णय गरियो ।

निर्णय नं. ८

पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजाना (NAFHA) कार्यक्रम अन्तरगत कृषक समू सहकारी तथा कृषि उद्यमीहरुका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१ अनुसार गाउँपालिकाको ६ व वडाका कृषकहरुबाट माग निवेदनको आधारमा सोको अध्ययन गरी कार्यविधि बमोजिम कार्यक्रम छनौट ग आवश्यक प्रक्रिया अगाडी बढाउने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ९

जीवन बिज्ञान प्रतिष्ठान काठमाण्डौको आयोजनामा मिति २०८१/०५/०५ गतेदेखि संचालित योगा प्रशिक्ष तयारी सम्वन्धी कार्यक्रममा यस कार्यालयबाट श्री रुद्र प्रसाद फुयललाई सहभागिताको लागि पठाईएकोमा उ मनोनयनलाई अनुमोदन गर्ने र सो प्रशिक्षण कार्यक्रममा सहभागिता बापत लागेको खर्च रकम रु. ३०,०००।- (ती हजार) कार्यालयबाट भूक्तानी दिने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. १०

विशेष अनुदान तर्फको आ. व. ०८१/०८२ को स्वीकृत रकमबाट खानेपानी आयोजना संचालन गर्ने गरी ठेक्का आह्वान गरिएकोमा केहि कार्यक्रमहरु परिमार्जन भई आएकोले उक्त ठेक्का पून : संशोधन गरी खोल्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ११

गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक बिद्यालयहरुको आ. व. २०८०/०८१ को आर्थिक कारोवार सम्वन्धी आधिकारीक लेखा परीक्षण गर्न यस कार्यालयमा सूचिकृत भएका नेपाल चार्टडर्स एकाउण्टेन्ट संस्थाबाट मान्यता प्राप्त देहायका लेखा परीक्षकहरुलाई लेखा परीक्षकमा नियुक्ति दिने र छनौट भएका लेखापरीक्षकहरुले कार्यालयबाट तोकिएको ढ्इच बमोजिम लेखापरीक्षण गरी सोही बमोजिम लेखा प्रतिवेदन पेश गर्ने गराउने सर्व सम्मत निर्णय गरियो ।

देहाय :

१. पासाङ शेर्पा - शेर्पा एशोसियड्स भोजपुर - ७
२. पर्शुराम शेर्पा - पि. आर. शेर्पा एण्ड एशोसियन भोजपुर
३. चुडामणी शर्मा - सि. शर्मा एशोसियशन भोजपुर - ५ हाल मध्यपुर ठिमी - १६ लोकन्थली
४. लोकेन्द्र कुँवर - एल. कुँवर एण्ड एशोसिएटस् धनकुटा देब्रेबास न. पा. ४ धनकुटा
५. बाशुदेव कोईराला - बि. डि. एण्ड कम्पनी, बिराटनगर - ५ मोरङ्ग
६. मुकुन्द प्रसाद पराजुली - मुकुन्द एसोसियटर्स पाखीबास न. पा. १०, धनकुटा

निर्णय नं. १२

पौवादुङमा - ४ बास्तीम निवासी श्री चक्र बहादुर सार्कीले आफ्नो घरको आर्थिक अवस्था ज्यादै कमजोर भएकोले घरमा छाना छाउन नसकेको भनी हरियो जस्तापाता माग गरेको हुँदा हाल निजले कार्यालयको कार्याविधि अनुसार सूचिकृत गरेको नपाईएकोले निजलाई तेश्रो चरणको कार्यक्रममा कार्याविधि बमोजिम सूचिकृत भई आए पश्चात मात्र समावेश गर्ने सर्ब सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल सकिएको हुँदा आजको बैठक समापन गरियो ।